कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ९ | वि.सं. २०८३ वैशाख ९ बुधवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल पञ्चमी | Wednesday 22 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# संसदप्रति उत्तरदायी छैनन् कर्णालीका सांसद

**दोस्रो कार्यकालमा एक सय ७३ संसद बैठकमा आवश्यक जनमैत्री कानुन निर्माण र सरकारले ल्याउने वार्षिक नीति, कार्यक्रम तथा बजेटमाथी महत्वपूर्ण छलफल भएका छन् । साथै, आम नागरिकसँग जोडिएका सार्वजनिक महत्वका विषय पनि यसक्रममा उठेका छन् । बिडम्बना जनताको अभिमत लिएर गएका सांसदहरु संसदप्रति उत्तरदायी देखिनुको साटो संसद छल्ने ध्याउन्नमा लागेका छन् ।**

**ओम शाही**
**सुर्खेत, ८ बैशाख ।**

प्रदेशसभा निर्वाचन अन्तर्गत २०७९ मा सम्पन्न प्रदेशसभा सदस्य चुनावमा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमार्फत कर्णालीमा ४० जना सांसद निर्वाचित भए। कर्णाली प्रदेशको साशकीय स्वरुप अनुसार प्रत्यक्षतर्फ २४ र समानुपातिक निर्वाचन प्रणालीतर्फ १६ जना सांसद चुनिने व्यवस्था छ।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालमा नेपाली कांग्रेसका १४, नेपाली कम्यूनिष्ट पार्टी (नेकपा) का १४, नेकपा एमालेका १०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र स्वतन्त्रबाट एक/एक सांसद छन्। प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो बैठक १८ पौष २०७९ मा बसेको थियो। बितेका तीन वर्षको अवधिमा हिउँदे र बर्खे अधिवेशन गरी प्रदेशसभामा सात वटा बैठक सम्पन्न भएका छन्। सातौ बैठकसम्म आइपुग्दा कुल एक सय ७३ दिन संसद चलेको छ।

जसमा पहिलोमा १५, दोस्रोमा ३९, तेस्रोमा ११, चौथोंमा ३३, पाँचौमा ३१, छैटौंमा ३४ र सातौं बैठक १० दिन चलेको छ। यी बैठकहरुमा आवश्यक जनमैत्री कानुन निर्माण र सरकारले ल्याउने वार्षिक नीति, कार्यक्रम तथा बजेटमाथी महत्वपूर्ण छलफल भएका छन्। साथै, आम नागरिकसँग जोडिएका सार्वजनिक महत्वका विषय पनि यसक्रममा उठेका छन्।

बिडम्बना जनताको अभिमत लिएर गएका सांसदहरु संसदप्रति उत्तरदायी भने देखिएका छैनन्। यो अवधिका बैठकमा कुनै पनि सांसदले सतप्रतिशत उपस्थिती जनाएनन्। तर पारिश्रमिक भने पुरै बुझेका छन्। दोस्रो कार्यकालमा बसेका कुल बैठक मध्ये आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका नेपाली कांग्रेसबाट निर्वाचित सांसद राजिवविक्रम शाहले ६१ वटा बैठक

बाँकी ३ पेजमा



## यस्तो छ अन्य सांसदको रेकर्ड

दोस्रो कार्यकालको सातौं बैठकसम्म आइपुग्दा सबैभन्दा बढी बैठकमा सक्रिय सहभागिता नेकपा एमालेका जुम्लाबाट निर्वाचित सांसद टेकराज पछाईले जनाएका छन्। उनी तीन वटा बैठकमा मात्रै अनुपस्थित रहे। उनी एक सय ७० दिन संसद बैठकमा उपस्थित भएका छन्। एमाले संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री यामलाल कँडेल प्रदेशसभाका एक सय ६६ बैठकमा उपस्थित भएका छन्।

त्यस्तै, एमाले सांसदहरुमा भौतिक पूर्वाधार तथा सहरी विकास राज्य मन्त्री गमता विक एक सय ६९, कलबहादुर हमाल एक सय ५६, जीतबहादुर मल्ल एक सय ५८, तुलसा मल्ल एक सय ६४ दिन संसद बैठकमा उपस्थित भएका छन्। एमालेकै दक्षिणा शाही एक सय ६०, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री शेरबहादुर बुढा एक सय ४९, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाह एक सय ४४ दिन संसद बैठकमा उपस्थित भएका छन्।

नेपाली कांग्रेसबाट निर्वाचित सांसद इन्द्राकुमारी शाही एक सय ५२ दिन संसदमा उपस्थित भएकी छन्। कांग्रेस सांसदहरुमा

बाँकी ४ पेजमा

## 'सांसदमा उत्तरदायित्व र कर्तव्यबोध भएन'

जनताको आवाज मुखरित गर्न तिनै जनताको अभिमत ल्याएर आएका सांसदले संसदलाई प्राथमिकतामा नराख्नु जनताप्रतिको उत्तरदायित्व र कर्तव्यबोधको कमी भएको बताउँछन् मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीनसमेत रहेका नागरिक अगुवा पीताम्बर ढकाल।

संसदमा अनुपस्थित हुनाले कानुन निर्माण प्रक्रिया सुस्त हुने र लोकतान्त्रिक प्रणाली कमजोर बन्ने टिप्पणी उनले गरे। यस्तो लापरबाही रोक्न अनुगमन संयन्त्र बनाउनुपर्ने र अनुपस्थित हुनेहरूको पारिश्रमिक कट्टा गर्ने जस्ता नियमनकारी कदम चाल्नुपर्ने उनी बताउँछन्। उनी भन्छन्, 'माननीयको उपाधि धारण गरेपछि तलव भत्ता पाकिहाल्ने भएपछि जनताप्रति जिम्मेवार भएपनि भयो नभएपनि भयो। हाम्रा विद्यायकहरुलाई आफ्नो काम के हो भन्ने नै थाहा नभए जस्तो देखिन्छ। यो उनीहरुको गैर जिम्मेवारीपन हो। यस्तो प्रवृतिलाई चेक एण्ड ब्यालेन्स गर्नुपर्छ र यसलाई रोक्नुपर्छ भन्ने कसैमा पनि भएन।' सांसदहरु संसदप्रति उत्तरदायी नहुँदा सरकारले जनअपेक्षा अनुसार काम गर्न नसक्ने उनको

बाँकी ४ पेजमा

# नेपालगञ्जमा १०८ फिटको हनुमान मूर्ति निर्माण अन्तिम चरणमा

**युग संवाददाता**
**नेपालगञ्ज, ८ वैशाख ।**

नेपालगञ्ज उमहानगरपालिका-२ स्थित हनुमानगढीमा १०८ फिट अग्लो हनुमानको मूर्ति निर्माण जारी छ। सो मूर्तिको लागत रु १४ करोड ४ लाख ६३ हजार रहेको उपमहानगरपालिकाका इन्जिनियर सुरज शर्माले जानकारी दिए।

यसका पहिलोपटक २०७९ चैत ३ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो। सुरुआताको अवधि २०८१ चैत २ गतेसम्म रहेकामा अहिले समयावधि थपेर २०८३ असोज ३० गतेसम्म लम्ब्याइएको छ।

मूर्ति निर्माण गर्ने कालीगढ दिलवीर सुनार सेन्चुरीले हनुमान मन्दिरको निर्माण ९० प्रतिशत सम्पन्न भइसकेको उल्लेख गरे। अबको डेढ महिनामा मूर्ति हस्तान्तरण गर्ने उनको भनाइ छ। नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले भारतको अयोध्यामा अत्याधुनिक राम मन्दिर बनेपछि राम र हनुमानको सम्बन्धलाई एकाकार गर्दै अयोध्यासँग नेपालगन्जलाई जोडने उद्देश्यका साथ हनुमानको मूर्ति निर्माण भइरहेको जानकारी दिए।

यसले नेपालगञ्जको धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने नगर प्रमुख विष्टको विश्वास छ। उनले अयोध्यासँगको जोड्ने सके धार्मिक पर्यटनमा टेवा पुग्ने उल्लेख गरे। "यसले नगरको धार्मिक र सांस्कृतिक महत्वलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ" नगरप्रमुख विष्टले भने।

हनुमानगढीका थानापति महन्थ उमेश गिरीले यस पवित्र स्थानमा भौतिक संरचनाको विकास भएकोमा खुसी व्यक्त गर्दै त्रेता युगमा श्रीराम हनुमानजीको अनन्य भक्त भएर अधर्मको नाश गरेको बताए। "त्यस युगमा अधर्मको नास गर्न हनुमानजीले एउटा चमत्कार नै गर्नुभएको छ, त्यसैले यसको महत्व अहिले पनि वढदै गएको छ", उनले भने।

ऋषिमुनिको आगमनपछि पाँच करोड गायत्री मन्त्रको जप भएको स्थानका रूपमा रहेकाले हनुमानगढीको महिमा झन बढेको महन्त गिरीको भनाई छ। हनुमानगढी मन्दिर सञ्चालन तथा व्यवस्थापन समितिका सचिव विश्वराज तिवारीले धार्मिक क्षेत्रमा हनुमानगढीको गरिमा बढ्दै जाँदा यसले धार्मिक पर्यटनमा टेवा पुगेको उल्लेख गरे।

नेपालगञ्ज उपमहानगरपालिकाले निर्माण गरेको १०८ फिट अग्लो हनुमानको सो मूर्तिको फाउन्डेसन र प्लेटफर्मको काम सकिएपछि अहिले धमाधम मूर्ति निर्माणको काम भइरहेको छ। यस स्थानमा बर्सेनि हनुमान जयन्तीमा उत्सव हुने गर्छ।

# सम्झौता म्याद सकिएको एक वर्षमा बनेन पुल

**युग संवाददाता**
**कालीकोट, ८ वैशाख ।**

निर्माण सम्झौताको म्याद सकिएको एक वर्ष बित्दा पनि यहाँको पलाँता र पचालझरना गाउँपालिकालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने पक्की पुल निर्माण भएको छैन। पलाँता गाउँपालिकालाई पूर्ण रूपमा तथा पचालझरना गाउँपालिकाका-१ देखि ५ नं वडासम्म राष्ट्रिय सञ्जालसँग जोड्ने सो पुल निर्माणको ठेक्का सम्झौता म्याद सकिँदा समेत काम नभएको हो।

कर्णाली प्रदेश सरकारबाट आयोजना स्वीकृत भई भौतिक पूर्वाधार विकास कार्यालय कालीकोटले ठेक्का सम्झौता गरेको थियो। तर हालसम्म पुल निर्माण गर्ने स्थानमा खाल्डो खन्नेबाहेक कुनै काम भएको छैन। पुल निर्माणका लागि श्री हिराचन-क्याराभान सुपरस्टार जेभी, गोपिकृष्णनगर-७ काठमाडौँले ठेक्का लिई २०७७ असोज १३ गते सम्झौता गरेको थियो।

सम्झौताअनुसार २०८१ चैत २५ गतेभित्र पुल निर्माण सम्पन्न गर्नुपर्ने थियो। समयमा काम गराउन धेरै प्रयास गरिएको तर निर्माण व्यवसायीले अटेर गरेको भौतिक पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख प्रभाकर सिंहले बताए। "२०८४ असार मसान्तसम्म म्याद थप गरिएको छ", उनले भने।

# कर्णालीका दुई सडक राष्ट्रिय प्राथमिकतामा राख्न सिफारिस गर्ने मन्त्रीपरिषद्को निर्णय

**युग संवाददाता**
**सुर्खेत, ८ वैशाख ।**

कर्णाली प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले कर्णालीका दुई सडक राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा राख्न सिफारिस गर्ने निर्णय गरेको छ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले दैलेख हुँदै कालीकोटको महाबै गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई प्रादेशिक प्राथमिकता आयोजनाका रुपमा समावेश गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा राख्न राष्ट्रिय योजना आयोगसमक्ष सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए।

त्यसैगरी, जाजरकोटको 'वडावन-सानाखोला सडक'लाई पनि प्रादेशिक प्राथमिकता आयोजनामा समावेश गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा सिफारिस गर्ने निर्णय गरिएको प्रवक्ता शाहले बताए। उनका अनुसार बैठकले 'कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८२' स्वीकृत गरेको छ।

## शान्ति र सद्भाव कायम गरौं।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुर्‍याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय....

# हचुवाका भरमा निर्णय नलेऊ !

सरकारले गएको चैतमा २ बैशाखबाट नियमित सञ्चालन हुने नयाँ शैक्षिक वर्ष सार्ने निर्णय गऱ्यो । शिक्षा नियमावली २०७८ ले नयाँ शैक्षिक सत्र २ बैशाख र पठनपाठन १६ बैशाखबाट सञ्चालन गर्नु भन्छ । २२ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले अमेरिका र इजरायलले इरानविरुद्ध थालेको युद्धले उत्पन्न गराएको इन्धन संकटलाई देखाएर नयाँ शैक्षिक सत्र १५ बैशाखबाट सुरु गर्ने निर्णय गरेको थियो । सोही बैठकले हप्तामा दुई दिन शनिबार र आइतबार बिदा दिने निर्णयसमेत गरेको थियो । सरकारको यो निर्णयपछि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यालयहरूलाई सोही अनुसार भर्ना अभियान सुरु गर्न र २१ वैशाखबाट मात्रै पठन पाठन सञ्चालन गर्न निर्देशन दियो । यसका बाबजुद पनि कर्णालीका पाँच स्थानीय तहहरूले भने केन्द्र सरकारले तोकेको समय अगावै विद्यालय सञ्चालन गर्ने निर्णय गरेका छन् । यति मात्रै होइन ति स्थानीय तहहरुले संविधानले दिएको माध्यमिक तहसम्मको शिक्षा हेर्ने अधिकार प्रयोग गरी आइतबारसमेत बिदान नदिने निर्णय गरेका छन् ।

यी पालिकाहरुले नेपालको संविधान र प्रचलित कानुनअनुसार आधारतभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहको भएको भन्दै आफ्नो नियमित शैक्षिक क्यालेन्डर अनुसार विद्यालय भर्ना तथा सञ्चालन गर्ने निर्णय गरेको जनाएका छन् । यसअघि नगरपालिका संघ र गाउँपालिका महासंघले पनि स्थानीय तहलाई विद्यार्थी भर्ना, पठनपाठन लगायत शैक्षिक गतिविधि आफू अनुकूल अघि बढाउन सुझाव दिएका थिए । नेपालको संविधानको अनुसूची-८ मा प्राथमिक र माध्यमिक तहको शिक्षा हेर्ने एकल जिम्मेवारी स्थानीयलाई छ । यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो ऐनका दफा ११ को उपदफा २ (ज) ले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । यहीँ अधिकारको परिधिमा रहेर स्थानीय तहहरुले संघीय सरकारले समन्वय नै नगरी ल्याएको निर्णय कार्यान्वयन नगर्ने पक्षमा पुगेको बताइएको छ ।

शिक्षा नियमावली अनुसार एक शैक्षिकसत्रमा दुई सय २० दिन विद्यालय खुल्नुपर्ने र एक सय ८० दिन पठनपाठन हुनुपर्छ । यसका साथै एक हजार २४ घण्टा पाठ्यभार हुनुपर्ने र हिउँदे र वर्षे बिदा ४५ दिन, स्थानीय बिदा पाँच दिन लगायतका व्यवस्था नियमावलीमा छ । तर साप्ताहिक बिदा नै दुई दिन हुँदा अब एक सय ९२ दिनमात्र विद्यालय खुल्नेछन् भने एक सय ७३ दिन बन्द हुनेभएपछि पालिकाहरुले आफ्नो अधिरका प्रयोग गरेको जनाइएको छ । त्यसमा पनि शैक्षिकसत्र नै २० दिन पछि धकेलिँदा कसरी पढाउने भनेर शिक्षकहरू अलमलमा छन् । सरकारले हप्तामा दुई दिन बिदा दिन गरेको निर्णय अन्तराष्ट्रिय अभ्यासमा वैज्ञानिक र सफल मानिएपनि हाम्रो देशको वर्तमानको परिवेश र संरचनाको हकमा भने हचुवाको निर्णय हो । सरकारले दुई दिन बिदा दिनलाई त्यहीँ अनुरुपको पाठ्यक्रम र पूर्वाधार विकास नगरी गरिएको निर्णय रुपान्तरणकारी नभई सस्तो लोकप्रियता हो । यसर्थ, कुनै पनि दिर्घकालसम्मै महत्व राख्ने निर्णय लिनुपूर्व आवश्यक तयारी गरेर मात्रै अघि बढ्नु हाम्रो जस्तो विकासिल मुलुकका लागि हितकर हुन्छ र हुनेछ ।

## विश्व

### एम्नेस्टी इन्टरनेशनलको प्रतिवदेन :

# पुटिन, नेतान्याहु र ट्रम्प 'ठूला पीडक'

**काठमाडौँ, ८ वैशाख ।**

अमेरिका, इजरायल र रुसका नेताहरुले लगातार मानवअधिकार उल्लंघन गर्दा पनि बाँकी विश्वले उनीहरुलाई रोक्न नसकेको अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेशनलले जनाएको छ ।

एम्नेस्टी इन्टरनेशनलकी महासचिव डा. एग्नेस कालामार्डले वार्षिक प्रतिवेदन २०२५/०२६ सार्वजनिक गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु 'ठूला पीडक' रहेको बताइन् ।

उनीहरुले आर्थिक र राजनीतिक प्रभूत्वका लागि मानवअधिकार उल्लंघन गरेको एम्नेस्टीको आरोप छ । पीडक नेताहरूले आफ्नो अनुकुल नयाँ विश्व व्यवस्था बनाउन खोजिरहेको आरोप पनि एम्नेस्टीको छ ।

'यी नेताहरुले दोस्रो विश्वयुद्धपछि विकास भएको बहुपक्षीय प्रणालीलाई अस्विकार गरेका छन् । र त्यस्तो व्यवस्था ल्याउन खोज्दैछन् : जहाँ कुटनीति होइन युद्धले जित्छ,' एम्नेस्टीको प्रतिवेदनमा भनिएको छ ।

महासचिव कालामार्डले विश्वयुद्धपछि बनाइएको अन्तर्राष्ट्रिय नियम र पद्धतीबाट सन् २०२५ मा विश्व यु-टर्न भएको बताइन् ।

धेरै देशहरुले पीडकलाई सजाय दिनुको साटो उल्टै उनीहरुप्रति सद्भाव राखेको पनि कालामार्डले बताइन् । 'केही देशले त दमनकारी र लुटेरा शासकको अनुशरण गर्नेबारे पनि सोचिरहेका छन्,' उनले भनिन् ।

अफगानिस्तानदेखि जिम्बाबेसम्म विश्वभर निरंकुश अभ्यास बढेको ४ सय पृष्ठ लामो प्रतिवेदनमा उल्लेख छ । यस प्रतिवेदनले विश्वका १ सय ४४ देशको मानवअधिकारको अवस्थाबारे अध्ययन गरेको थियो ।

संयुक्त राष्ट्रसंघको बडापत्रविपरीत इजरायल र अमेरिकाले इरानमा आक्रमण गरेको ठहर एम्नेस्टीको छ । त्यसक्रममा २८ फेब्रुअरी २०२६ मा इरानको मिनावस्थित छात्रा विद्यालयमा १ सयभन्दा धेरै बालिकाहरु अमेरिकाको अवैध आक्रमणमा मारिएको प्रतिवेदनमा उल्लेख छ ।

यस द्वन्द्वले दशौं लाख सर्वसाधारणको जीवन र स्वास्थ्य खतरामा रहेको चिन्ता प्रकट गरिएको छ । त्यसैगरी, इजरायलको आक्रमणमा परेर लेबनानमा महिला र बालबालिकासहित ठूलो संख्यामा सर्वसाधारणहरु प्रताडित भएको उल्लेख छ ।

अक्टुबर २०२५ मा युद्धविराम सम्झौता गरेपनि इजरायलले गाजामा प्यालेस्टिनीविरुद्ध जातीय नरसंहार जारी राखेको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, इजरायलले आफ्नो नियन्त्रणमा रहेको वेस्ट बैंकमा अवैध रुपमा बस्तीहरु बढाउँदै लगेको पनि उल्लेख छ ।

ति बस्तीका सर्वसाधारणहरुलाई प्यालेस्टिनीमाथि आक्रमण गर्नका लागि इजरायली अधिकारीहरुले प्रोत्साहन गरेको प्रतिवेदनमा उल्लेख छ ।

अमेरिकाले क्यारेबियन तथा प्यासेफिक क्षेत्रमा डुंगाहरुमाथि आक्रमण गर्दै १ सय ५० भन्दा धेरै गैरन्यायिक हत्या गरेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै २०२६ मा भेनेजुएलामाथिको आक्रमण पनि अन्तर ाष्ट्रिय कानुन विपरीत रहेको प्रतिवेदनमा उल्लेख छ ।

# बलियो सरकार, सुरु होस् विकास



डा. अतीन्द्र दाहाल




प्रतिनिधिसभा निर्वाचन २०८२ ले देशलाई लामो संक्रमणकाल र अस्थिरताबाट मुक्त गरेको छ । पहिलो पटक एकल बहुमतका साथै बलियो सरकार निर्माण भएको छ । युवाहरूको सघन वर्चस्व भएको संसद्मात्र बनेको होइन, हालिमुहाली रहेको सरकारसमेत छ । देशले निकास पाएपछि आम नागरिकमा सघन विकासको अपेक्षा जाग्दैछ । २०५२ सालपछिको निरन्तर अस्थिरता, संक्रमण तथा असमञ्जस्यता सकिँदै छ । सरकार निर्माणलगत्तै सुशासनका सुरुवाती १०० कार्यसूची सार्वजनिक भएका छन् । दुई दिनअघि प्रतिबद्धतापत्र पनि ।

राजनीतिक स्थायित्व र संघीयताको सफल कार्यान्वयनसँगै अबको एउटै लक्ष्य विकास र समृद्धि हो । राजनीतिक नेतृत्वसमेत अबको आवश्यकता आर्थिक सफलता र विकास भन्दै छ । सेवा, उत्पादन, वातावरण अनि रीतिरिवाजको सन्तुलित प्रतिबिम्बनसहितको 'सेउवारी' नामक विकासको पृथक् मोडलसमेत यदाकदा सार्वजनिक वृत्तमा चर्चामा छ । आफ्नो देशको सबल विकास भन्ने भावको नेतृत्व नै पछिल्लो राजनीतिमा संसारभर सर्वाधिक बलियो बन्दैछ ।

अन्तर्राष्ट्रिय परिदृश्य र आर्थिक राष्ट्रवाद : अमेरिकी राष्ट्रपति ट्रम्पको 'अमेरिका फस्ट' नीति उनलाई निर्वाचन जिताउन निकै लोकप्रिय थियो । 'आफैं पहिलो'लाई मुख्य मन्त्र बनाउँदै बेलायत केही वर्षपहिले युरोपियन युनियनबाट बाहिरियो । अस्ट्रेलियाका प्रधानमन्त्रीबाट भर्खरै हरेक सवालमा 'अस्ट्रेलिया फस्ट'को अवधारणा व्यक्त भएको सुनिन्छ । चीनले ' बीआरआई' अनि भारत र जापानले संयुक्त पहलमा 'एएजीसी' नामक उच्च महत्वाकांक्षाको व्यापारिक परियोजना ल्याए । यस्ता सबै कदमको उद्देश्य आफ्नो देशलाई सशक्त र समृद्ध बनाउनु हो । यो निर्वाचनले सबल, सक्षम अनि समुन्नत देश भन्ने पक्षमा उभिएको शक्तिलाई अपार मायाका साथ समृद्धिको समेत अभिभारा दिएको छ ।

समृद्धिको आयतन र मापन सूचकांक देशअनुसार फरक पर्न सक्छ । भारत आणविक हतियार बनाउनुसँगै विभिन्न उपग्रहमा मानव अवतरण गर्दैछ । चीन चन्द्रमामा खेती गर्नेबारे अनुसन्धानरत देखिन्छ । अमेरिकालगायत केही देश छिट्टै मंगल ग्रहमा मानव बस्ती बसाउन चाहन्छन् । समस्त युरोप एक दशकदेखि शून्य र सुस्त रहेको आर्थिक हविगतलाई पुनर्जागरण गराउन खोज्दैछ । हाम्रो पनि समृद्धिको आफ्नै खाका र प्रारूप हुनुपर्छ । आत्मनिर्भर आर्थिक विकास समृद्धिको पहिलो सूचकांक बन्नुपर्छ ।

- अबको केही दशकपछि संसारभर तेलको हाहाकार हुँदा विद्युत्मात्र एक वैकल्पिक ऊर्जा हुनेछ । त्यस बखत आज मध्यपूर्व भनिएका देशहरूले तेल बेचेजस्तै हामीले ऊर्जा बेच्न सक्नुपर्छ ।

- हरेक सम्भावना खोतल्दै आत्मनिर्भर अर्थतन्त्रको बृहत् खाका बनाउनुपर्छ । सबै तहका सरकारले सकेसम्मको योगदान गर्नुपर्छ ।

विकास प्रजातन्त्र र आर्थिक ध्येय : अबको प्रजातन्त्र नै विकास प्रजातन्त्र भएकाले सामरिक समृद्धिको लागि सघन आर्थिक विकास आवश्यक छ । बाँकी राजनीतिको प्रधान ध्येय नै आर्थिक राष्ट्रवाद हुनुपर्छ । नवीन राजनीतिक सिद्धान्तका व्याख्याताहरू भन्छन्, बिरालो कालो होस् वा सेतो, त्यसले मुसा मार्नुपर्छ । व्यवस्थाको नाम प्रजातन्त्र, गणतन्त्र, लोकतन्त्र जेसुकै होस्, त्यसले विकास र समृद्धिलाई सम्भव बनाउनुपर्छ । नागरिकले नेतृत्वसँग सिद्धान्त, दलीय संरचना अनि त्यसको विवरणभन्दा उनीहरूले प्रत्याभूत गर्न सक्ने विकासको बढी आशा गर्छन् । सशक्त आर्थिक विकास भएमा साना देशसमेत सफल हुन्छन्, समृद्ध बन्छन् । थोरै जनसंख्या भएकामा विकासको व्यवस्थापन सहज हुन्छ । पछिल्लो समय चमत्कारिक विकास भएका अधिकांश देश जस्तै सिंगापुर, हङकङ, कोरिया, कतार, कुवेत, यूएई, ब्रुनाई हामीभन्दा धेरै साना छन् । यद्यपि अरूको भरमा कुनै पनि देशको आर्थिक विकास सम्भव हुँदैन । हाम्रा तत्कालका दुई मुख्य आर्थिक चरित्र- वैदेशिक रोजगारी अनि सहयोग- दुवै अधिक हानिकारक बाटा हुन् ।

वैदेशिक रोजगारी र रेमिट्यान्सको जोखिम : विश्व बैंकको प्रतिवेदन 'लार्ज स्केल माइर्ग्यान्ट्स एन्ड रेमिट्यान्स इन नेपाल'ले भन्छ- संसारभरका लगभग २३२ मिलियन वैदेशिक कामदारमध्ये नेपालीको हिस्सा पनि ठूलो छ । ताजिकिस्तान र गणतन्त्र किर्गिजपछि नेपाल विप्रेषण (रेमिट्यान्स) मा आधारित तेस्रो देश हो । १७ खर्बको बजेटमा १२ खर्बभन्दा बढी रेमिट्यान्सको भूमिका हुन्छ । हाम्रा उर्वर युवाहरू अरूको देशको समृद्धिमा अहोरात्र विवेक, पसिना अनि श्रम खर्चँदै छन् । ती उर्वर शक्तिहरू आफ्नै भूमिमा खन्याउन पाए कस्तो सौभाग्य बन्थ्यो ? तर उनीहरूको अनुपस्थितिमा हाम्रो समाज विभिन्न खालका सामाजिक, आर्थिक, नैतिक, यौनिक, चारित्रिक विचलनताको सिकार बन्दैछ ।

बिदेसिएकाहरूको आम्दानीसमेत विकसित देशबाट उत्पादित आरामदायी वा विलासिताका सामानको क्रयमा नै सकिन्छ । अरूको देशमा जे उत्पादन गरे वा गराए, फर्किएपछि तिनै सामान खरिद गर्छन्, उनीहरूको देशबाट ल्याइएको पैसा उतै पठाउँछन् । उत्पादन पनि विदेशीकै अनि आम्दानी पनि विदेशीकै बढ्दै छ । हाम्रा युवा बिदेसिँदा हामीचाहिँ वैदेशिक श्रमसाधन खपत गर्दैछौं । नेपाल छिमेकी भारतलाई ठूलो विप्रेषण पठाउने सूचीको सातौं राष्ट्रमा पर्छ । २० लाख हाराहारीमा भारतीय नागरिकहरू नेपालमा विभिन्न काम गर्छन् भन्ने अप्रशोधित तथ्यांक छ । यसले देशको अर्थतन्त्र झन् कमजोर अनि परनिर्भर बन्दैछ ।

वैदेशिक सहायता र यसको असर : अर्कोतिर सन् १९६० आसपास वार्षिक प्रतिव्यक्ति एक अमेरिकी डलर नजिक रहेको वैदेशिक सहायता आज प्रतिव्यक्ति झन्डै ७० डलर छ । गएको ७० वर्षमा ७० गुणाले बढेको वैदेशिक सहायताले बजेटको ३० प्रतिशत हिस्सा ओगटेको देखिन्छ । वैदेशिक सहायताले देशको आर्थिक विकास, स्व-उत्पादनको सोच, मानव अधिकारको प्रवर्धन, आन्तरिक एकता, सामाजिक संस्कृति तथा सद्भाव अनि मानवीय ऐक्यबद्धतामा गम्भीर तथा नकारात्मक असर पार्दैछ ।

जर्ज म्यासनको पुस्तक 'डुइङ ब्याड बाई डुइङ गुड'ले वैदेशिक सहायताका स्वदेशी असरहरूलाई राम्रैसँग चिरफार गर्छ । ड्याम्बिसा मोयोको पुस्तक 'डेड एड'ले वैदेशिक सहायतालाई देशको स्वाभाविक र मौलिक विकासको विरुद्धमा सुस्त विषको संज्ञा दिँदै प्रमाणस्वरूप अफ्रिकाका असंख्य देशको उदाहरण राख्छ । तसर्थ, यी दुवै बाटो छोडी हामीले आफ्नै सम्भावनाका आधारमा आर्थिक विकासको स्वदेशी संकथन खोज्नुपर्छ ।

आत्मनिर्भरताका आधारहरू : इच्छुक र सीप तथा सोच भएका नागरिकलाई व्यावसायिक कर्जा सुनिश्चित गर्नुपर्छ । कृषिको औद्योगिकीकरण गर्नुपर्छ । रोजगारी वितरणमा स्वदेशीलाई प्राथमिकता दिनुपर्छ । व्यावसायिक सोच र रोजगारी अभिमुखीकरणमा ज्ञान दिनुपर्छ । स्वदेशी वस्तुको उपभोगमा जोड दिनुपर्छ । श्रमको सम्मान गर्नुपर्छ । विभिन्न प्रकारका कलकारखानाहरू तीव्र गतिमा खोल्नुपर्छ । सबैले उत्पादनमूलक सोच राख्नुपर्छ । विदेशमा रहेकाहरूको ज्ञान, सीप र कमाइलाई घर फिर्ता गर्न सघन कार्यक्रम ल्याउनुपर्छ । चीनको सन् १९९० को यस्तै नीतिले समृद्ध चीन निर्माणमा उल्लेखनीय योगदान दियो । हामीले पनि स्वनिर्मित आर्थिक विकासलाई सशक्त बनाउनुपर्छ ।

मकाउमा सम्पूर्ण जनसंख्याको ५० प्रतिशत, बहामासमा ३० प्रतिशत, अरुवामा ३० प्रतिशत र माल्दिभ्समा २५ प्रतिशतले पर्यटनबाट प्रत्यक्ष रोजगारी पाएको देखिन्छ । झन्डै कुल गार्हस्थ्य उत्पादनको ५० प्रतिशतसम्म आम्दानी गर्छन् । पर्यटन हाम्रो विकासको पनि एउटा मुख्य आधार बन्न सक्छ । हामीसँग अचुक सम्भावना छ, तिनको भरपूर विकास गर्नुपर्छ ।

कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान जम्मा ५ प्रतिशत भएको अमेरिका र जम्मा जनसंख्याको ३.७ प्रतिशतमात्र मानिस कृषिमा संलग्न भएको फ्रान्सचाहिँ विश्वभर खाद्यान्न बजार निर्माण गर्दैछन् । ७० प्रतिशत मानिस संलग्न हामीले पनि कृषिको वैज्ञानिकीकरण र व्यवसायीकरणबाटै समृद्धि प्राप्त गर्ने तरिका खोज्नुपर्छ । हामीलाई कृषि र पर्यटन व्यवसाय माटो, समय, पुँजी र दक्षतासमेत सुहाउँदो छ । कोरिया/कुवेत होइन, खोरिया/खेतबाट नै सफलताको मार्गचित्र कोर्नुपर्छ ।

खनिज र ऊर्जाको सम्भावना : बहुमूल्य खनिजको उत्खनन र उपभोगमा जोड दिनुपर्छ । हामीकहाँ पाइने युरेनियमको मात्र उत्खननले एक सय वर्षसम्म आर्थिक प्रशस्ति हुने अनुसन्धान भएका छन् । स्थानीय सरकार यस्ता सम्भावनाको खोजी, विकास र विस्तार गर्ने सबैभन्दा सुहाउँदो निकाय बन्नुपर्छ । यसले गरिबी निराकरण, रोजगारी निर्माण अनि व्यापार प्रवर्धनमा सघाउन सक्छ; केन्द्रीय सरकारले समन्वय गर्नुपर्छ । तत्कालको अविकासका लागि हामी भ्रष्टाचारलाई प्रमुख समस्या मान्दै छौं । सुशासन, बजार नियमन र भ्रष्टाचार नियन्त्रणमा स्थानीय तहले विशेष ध्यान दिनुपर्छ । भयावह शिक्षालाई गुणात्मक र प्रायोगिक हिसाबले सुधार्न जोडबल गर्नुपर्छ । प्रदेशका सरकारहरूले दुई सरकारबीच सशक्त पुल बन्नुपर्छ ।

बेलायत तथा जर्मनीले २०४० बाट पेट्रोलबाट चल्ने सवारीमा प्रतिबन्ध लगाउँदै छन् । अबको केही दशकपछि संसारभर तेलको हाहाकार हुँदा विद्युत्मात्र एक वैकल्पिक ऊर्जा हुनेछ । त्यस बखत आज मध्यपूर्व भनिएका देशहरूले तेल बेचेजस्तै हामीले ऊर्जा बेच्न सक्नुपर्छ । हरेक सम्भावना खोतल्दै आत्मनिर्भर अर्थतन्त्रको बृहत् खाका बनाउनुपर्छ । सबै तहका सरकारहरूले सकेसम्मको योगदान गर्नुपर्छ । हामीसँग बृहत् स्रोतहरू छन्, नयाँ सरकारसँग अठोट र इमानदारिता हुनुपर्छ । निकास निस्किएको छ, अब विकासको सुरुआत हुनुपर्छ । *(अन्नपूर्ण)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — दिगो काम थाल्नाले आम्दानीका स्रोत बढ्नेछन् । नगद जुट्नाले दैनिकीमा परिवर्तन आउनेछ । अध्ययनमा प्रगति हुनुका साथै अनुभवलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ ।

**वृष** — रमाइलो पारिवारिक भेट र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । काममा लगाव बढ्नुका साथै रचनात्मक कार्य सम्पादन गर्ने समय छ ।

**मिथुन** — अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुनेछ । खर्च अभावले सताउन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ ।

**कर्कट** — नयाँ काम थाल्ने र गरेका कामबाट लाभ उठाउने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । सम्पादित कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**सिंह** — प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ । व्यापारमा प्रशस्त फाइदा हुनेछ ।

**कन्या** — केही समय अरूका काममा खर्चनुपरे पनि साथीभाइ र शुभचिन्तकको सहयोग जुट्नेछ । आजको मिहिनेतले भविष्यमा लाभ दिलाउनेछ ।

**तुला** — व्याहारिक समस्याले योजना रोकिन सक्छ । मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ । काम रोकिने र बनिसकेको काम दोहोर्याउनुपर्ने हुन सक्छ ।

**वृश्चिक** — साथीभाइको आगमनले काममा हौसला जाग्नेछ । रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुने समय छ ।

**धनु** — प्रतिस्पर्धामा उत्रनुपरे पनि विभिन्न अवसर प्राप्त हुनेछन् । भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम सुरु हुनेछ ।

**मकर** — सुरुमा अपेक्षित फाइदा उठाउन नसकिए पनि प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । सुखद समाचारले उत्साह जगाउनेछ । अध्ययनमा प्रगति हुनेछ ।

**कुम्भ** — कामका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुपर्ला । आफ्नो प्रतिफलमाथि अरूले राज गर्नेछन् । हठले अप्ठ्यारो पार्न सक्छ ।

**मीन** — साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# दुई सडकलाई राष्ट्रिय प्राथमिकतामा समेट्न आग्रह

**युग संवाददाता**
**सुर्खेत, ८ बैशाख ।**

कर्णाली प्रदेश सरकारले सवारी तथा यातायात व्यवस्था नियमावली स्वीकृत गर्नुका साथै प्रदेशका दुई महत्वपूर्ण सडक आयोजनालाई राष्ट्रिय प्राथमिकताको सूचीमा समावेश गर्न सिफारिस गर्ने निर्णय गरेको छ ।

मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले 'कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८२' लाई औपचारिक रूपमा स्वीकृत गरेको छ । यसले प्रदेशभित्रको यातायात व्यवस्थापन, सेवा प्रवाह र नियमनलाई थप व्यवस्थित बनाउने अपेक्षा गरिएको छ । यस्तै, बैठकले कालीकोट जिल्लाको महावै गाउँपालिका केन्द्र जोड्ने सडकलाई प्रादेशिक प्राथमिकताप्राप्त आयोजनामा समावेश गरिएको छ ।

उक्त सडकलाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको सूचीमा राख्नका लागि संघीय सरकारको राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय बैठकले गरेको छ । जाजरकोटको वडावन सानाखोला सडकलाई पनि प्रादेशिक प्राथमिकतामा राख्दै राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनामा समावेश गराउन योजना आयोगसमक्ष प्रस्ताव पठाइने भएको छ ।

प्रदेश सरकारका प्रवक्ता विनोदकुमार शाहका अनुसार यी सडक आयोजनाहरूले दुर्गम क्षेत्रको पहुँच र आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले राष्ट्रिय गौरवका योजनासरह प्राथमिकता दिन सिफारिस गरिएको हो । सडक नियमावलीको स्वीकृतिसँगै प्रदेशमा यातायात क्षेत्रको कानुनी जटिलतासमेत अन्त्य हुने विश्वास लिइएको छ ।

## संसदप्रति...

छलेका छन् ।

अन्य अधिकांश सांसदले पनि २० भन्दा बढी बैठकमा उपस्थिती जनाएका छैनन् । कर्णाली प्रदेशसभाले उपलब्ध गराएको तथ्यांक अनुसार सबैभन्दा बढी संसद बैठक छल्नेमा आर्थिक मामिला तथा योजना मन्त्री शाह छन् । उनी एक सय १२ बैठकमा मात्र उपस्थित भएका छन् । दोस्रोमा कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही बैठकमा कम उपस्थित हुने मध्येमा पर्छन ।

यद्यपी शाही बाइडबढी खरिद प्रकरणमा मुछिएर निलम्बनमा परेपछि संसद बैठकमा कम उपस्थित भएका हुन् । बैठकमा कम उपस्थित जनाउनेमा कांग्रेस सांसद जानकी सिंह पनि छन् । सिंह कुल एक सय २२ सदनमा उपस्थित हुँदा ५१ बैठकमा अनुपस्थित देखिएकी छन् । उनी पछि बैठकमा कम आउनेमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद सन्तोषी शाही छन् । उनी एक सय २५ दिन उपस्थित रहदा ४८ बैठक छलेकी छन् ।



## खानेपानी तथा सरसफाइ योजनाको निर्माण सामाग्री खरिदका लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**दोश्रो पटक प्रकाशित सूचना २०८३ बैशाख ०९ गते**

प्रस्तुत विषयमा सिम्ता गा.पामा एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपाल, सुन्दर नेपाल सँस्था सुर्खेतको सहिजिकरण र स्थानिय समुदायको सहलगानीमा संचालित यस हेलो धारा परीयोजना अन्तरगत खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कार्य गर्न लागि आवश्यक पर्ने निर्माण सामाग्री खरिद गर्नु पर्ने भएकोले संलग्न विवरणमा (सामाग्रीहरु सुची) उल्लेखित सामाग्रीहरु निम्नानुसारको शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न हुन अनुरोध छ ।

**दरभाउ पत्र सम्बन्धि शर्तहरु:**

**१. दरभाउ पत्रसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

कर चुक्ताको प्रमाण पत्र (२०८१/२०८२) को प्रतिलिपि, भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, घरेलु/वाणिज्य दर्ता प्रमाण पत्रको प्रतिलिपि (आवश्यकता अनुसार थप कागजात पनि माग गर्न सकिने छ ।)

**२. ढुवानी/आपूर्तिका शर्तहरु:**

- खरीदकर्ताबाट खरीद आदेश भएको मितिले १५ दिन भित्र अनिवार्य रुपमा सम्पुर्ण सामाग्रीहरु सिम्ता गा.पा को वडा न ६ को जामुनेवजार सम्म सप्लाई र ढुवानी गर्नु पर्ने छ । सामाग्री ढुवानी गर्दा लाग्ने सम्पुर्ण लोड/अनलोड तथा अन्य खर्च सप्लायर स्वयंले नै व्यहोर्नु पर्नेछ ।
- दरभाउ पत्र पठाउदा सम्पुर्ण सामाग्रीहरुको दर भरी सिलवन्दी गरि पठाउनु पर्नेछ, अन्यथा दरभाउपत्र रद्द गरिनेछ ।
- इकाई दरमा टिपेक्स प्रयोग गरेमा दरभाउ पत्र अमान्य भई रद्द गरिनेछ, दरभाउ उल्लेख गर्दा केरमेट भएमा केरमेट भएको ठाउमा अनिवार्य रुपले आधिकारिक दस्तखत गरी र फर्मको छाप लगाउनु पर्नेछ । अन्यथा दरभाउपत्र मान्य हुने छैन ।
- दरभाउपत्रमा इकाई मुल्य र परिमाणको गुणनफलमा फरक पर्न गएमा इकाई मुल्यलाई आधारमानि तुलनात्मक विवरण तयार गरिनेछ ।
- म्याद नाघी प्राप्त भएका दरभाउ पत्रहरु मान्य हुने छैन र दरभाउ पत्र रद्द गरिनेछ ।
- सामाग्री उपलब्ध गराउदा दिईएको स्पेसिफिकेशन अनुसारको गुणस्तर नभएमा सामाग्री बुझ्न उपभोक्ता समिति वाध्य हुने छैन । उक्त सामाग्रीहरु सप्लायरले आफनै खर्चमा पुन: सप्लाई गर्नु पर्नेछ ।
- दरभाउपत्रको मान्य अवधि ३० सम्म हुनेछ । यस अवधिमा कार्यालयलाई माथि उल्लेखित परिमाण भन्दा थप सामाग्रीहरु आवश्यक भएमा सोही दरमा थप अडर गर्न सक्नेछ ।

**३. भूक्तानी:**

- संलग्न विवरण बमोजिमको सम्पुर्ण सामाग्रीहरु उल्लेखित शर्तहरु पालना गरी पूर्ण रुपमा प्राप्त भइ सकेपछि मात्रै एकान्ट पेयी चेकबाट भुक्तानी गरिने छ । भुक्तानी गर्दा नेपाल सरकारको नियमानुसार कर योग्य रकममा अग्रीम आयकर कट्टीगरी भुक्तानी गरिने छ ।

**४. दरभाउ पत्र पठाउने अन्तिम मिति र ठेगाना:**

- दरभाउपत्र पठाउनु पर्ने अन्तिम मिति र समय: २०८३ बैशाख १३ गते ०५ बजे भित्र सुन्दर नेपाल सुर्खेतको कार्यालय बीरेन्द्रनगर सुर्खेत ।
- दरभाउपत्र खोल्ने समय: २०८३ बैशाख १४ गते सुन्दर नेपाल सुर्खेतको कार्यालय, वीरेन्द्रनगर सुर्खेत: ।

५. दरभाउ पत्र पूर्ण वा आंशिक रुपले स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस सुन्दर नेपाल सुर्खेतमा निहित रहनेछ ।

**नोट :** दरभाउपत्र निम्न स्थानमा नि:शुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ ।

सिलवन्दी दरभाउपत्र पाइने स्थान: सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत

**अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्क:**

www.sundarnepal.org.np

दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०८३ ५२३५३० वा ९८४८०४००८४ (लेखा अधिकृत ) नं. मा सम्पर्क गर्न सकिनेछ ।

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिका कार्यालय
## सुर्खेतको संधियारका नाउमा जारी १५ दिने सूचना

**(प्रकाशित मिति २०८३/०१/०९ गते)**

सुर्खेत गुर्भाकोट नपा. वडा नं. ९ बस्ने श्री हरिलाल खड्काले यस गुर्भाकोट नपा. वडा नं. ९ साविक कोटमाझखर्क ६ङ कि.नं. १५९९, क्षेत्रफल २३३.७५ वर्ग मी.मा नक्सा पासका लागि यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी :** मन बहादुर दमाई (कि.न. १६००)
**पश्चिम जग्गाधनी :** आफ्नै जग्गा (कि.न. १३५४)
**उत्तर जग्गाधनी :** पुर्ण अधिकारी (कि.न. ४१३)
**दक्षिण जग्गाधनी :** शाखा सडक

# Kohalpur Municipality
# Office of Municipal Executive
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

## Re-Invitation For Sealed-Quotations

**Date Of Publication: 2083/01/08 ( Apr-21-2026 )**

1. Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites electronic bids from eligible bidders for the following works:

| S. N | Contract Identification Number | Description Of Works | Bid Validity Period | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1.0 | BANKE/KOMUN/G/SQ-04/2082/083 | Procurement of Tractor For Kohalpur Municipality, Banke. | 45 days | 40,000.00 | 1000.00 | |
| **Further Information to bidders;** | | | | | | |
| **Last date and time of Bid Submission** | | 2083/01/23 (May-06-2026) (upto 12:00 Noon) | | | | |
| **Date, Time and Place of Bid Opening** | | 2083/01/23 (May-06-2026); at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur, Banke | | | | |
| **Bid Security Validity Period** | | 30 Days beyond bid validity period | | | | |
| **Account No. for Bid Document Purchase** | | Agriculture Development Bank,Kohalpur, Banke, AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 | | | | |
| **Account No. for Bid Security Deposit** | | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 | | | | |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur ,Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८३।१।९ गते**

खार्पुनाथ गाउँपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल**

| सिलबन्दी दरभाउपत्र नंम्बर | योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट सहित) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| KRM/WASH/SQ/०४/०८२/०८३ | घट्टे मूल खानेपानी तथा सरसफाइ योजना, खार्पुनाथ ०३ हुम्ला | १५७०१५८००५९०००१६ | ५२,४६,२२७।३४ | ३,०००.०० | १,३१,०००।०० |

**शर्तहरु**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गस्हरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखीत शुल्क तिरी (पछि फिर्ता नहुने गरी) खार्पुनाथ गाउँपालिका खार्पुनाथ शाखामा रहेको प्रभु बैंक स्थित शाखामा रहेको सञ्चित/आन्तरिक कोष खाता नं१५७०१५८००५९०००१६ मा नगद रकम दाखिला गरेको भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ताको समितिको नाममा वैकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको (२०८३।१।२३ गते) कार्यालय समय भित्र गाउँकार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेतवाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्बरमा नगद जम्मा गरेको सक्कल भौचर र उपभोक्ता समितिको अध्यक्षलाइ निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ तर सो दरभाउ पत्रहरु प्रत्येक योजनाको छुट्टा छुटै भरि छुट्टाछुटै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सम्भावित सप्लायररआपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौ दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका बारेमा जानकारी दिन Pre-Bid Meeting गरिनेछ । यस्तो मीटिंग गाउँपालिकाको कार्यालयमा व्यक्तिगत भेला गरेर वा दुरस्थ (online) मध्यमबाट समेत गर्न सकिनेछ । साथै सप्लायर आपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि समय ईमेल वा पत्रको माध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लायर आपूर्तिकर्तालाई समेत दिइनेछ ।

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकमरु = [०.८५ × लागत अनुमान – कबोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको वैक खातामा जम्मा गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२ बजे भित्र प्राप्त खार्पुनाथ गाउँपालिका मा पेश गर्न सकिनेछ ।

६. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।

७. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३।१।२४ २ बजे मा गाउँकार्यपालिकाको कार्यालय खार्पुनाथ बाट खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ । यस सम्बन्धि थप शर्तहरु दरभाउपत्र फारामसाथै उपलव्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको कार्यविधि वमोजिम हुनेछ ।

११. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना गाउँपालिका, सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा हुम्ला जिल्ला, खार्पुनाथ गाउँपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई संयोजक देब जंङ हमाल (मोवाईल नम्बर ९८४८३०९१४५ वा प्राबिधिक सहजकर्ता ज्ञानेन्द्र बहादुर शाही ९८४८३०९५५२ मा सम्पर्क गर्न सकिनेछ ।

**खरिद समिति**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# महिला सामूहिक बेमौसमी तरकारीखेतीमा आकर्षित



**युग संवाददाता**
**टीकापुर, ८ वैशाख ।**

कैलालीको टीकापुरका महिला बढी आम्दानी लिनका लागि बेमौसमी तरकारीखेतीमा सम्लग्न भएका छन् । टीकापुर-१ सत्घरुवामा महिलाहरूले जीविकोपार्जनका लागि सामूहिक रुपमा बेमौसमी तरकारीखेती गरेका छन् । सत्घरुवामा रहेको मिलिजुली कृषक समूहमा विपन्न वर्गका २३ महिलालाई छनौंट गरी समूह बनाएर तरकारी खेतीमा लगाइएको छ ।

विगतमा ज्याला मजदुरी गर्ने महिलाहरू समूहमा आबद्ध भएपछि १२ कट्ठा जमिन भाडामा लिएर खेती गरिरहेका छन् । महिलालाई स्थानीय पालिकाको कृषि विकास शाखाको समन्वयमा दिगो विकास समाज भजनीले समुदाय सशक्तीकरण तथा विकासका लागि स्थानीय पहल परियोजनाले कृषक अगुवा तालिम, प्राविधिक ज्ञान को छ ।

जसले महिलाहरूलाई बेमौसमी तरकारीखेतीसम्बन्धी ज्ञान भएको छ । अहिले उनीहरूको बारीमा काउली, टमाटर, खुर्सानी, भिन्डी, आलुलगायतका तरकारी लगाइएको छ । मङ्सिरमा रोपेको आलु बिक्रीका लागि तयार भएको छ । यसरी बेमोसमी तरकारीखेती गरिरहेका महिला किसानलाई सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान सङ्कायका विद्यार्थीले प्राविधिक सहयोग गरिरहेका छन् ।

प्राविधिकले फरक फरक तरिका र प्रविधिले खेती गर्दा कस्तो उत्पादन हुन्छ भनी अध्ययन भइरहेको र किसानलाई सिकाउने गरिएको प्राविधिक विद्यार्थी लक्ष्मी थारुले बताए । "हामीले एउटै खेतीलाई पनि फरकफरक तरिकाले गरेर उनीहरूलाई सिकाइरहेका छौं", उनी भन्छन्, "बाली संरक्षण, वातावरण संरक्षणसँगै बढी उत्पादन कसरी लिन सकिन्छ भनेर पनि सिकाइरहेका छौं ।"

महिलाहरू जीविकोपार्जनसँगै खेती गर्दा आइपर्ने विपद्बारे समेत सचेत भएका आशा चौधरीले बताए । "मजदुरी गर्ने महिला आयआर्जनमा लागेपछि उनीहरू जीवन सहज भएको छ", उनले भने, "अब ज्यालादारी गर्न जाँदैनन्, बारीमै काम गर्छन्, घरमै तरकारी बिक्री हुन्छ । खेतबारीमै आम्दानी लिन पाउँदा खुशी भएका छन् ।"

किसान कृष्णी चौधरीलगायत उनका २३ जना छिमेकी साथीहरू ज्यालादारी काम गर्थे । परियोजनाले जग्गा भाडामा लगेर तरकारीखेतीमा लगाएपछि अहिले तरकारीखेतीको आम्दानीले घर चलाउन, समस्या टार्न सहयोग भएको बताए । "दुई वर्षका लागि जग्गा लिजमा लगिदिएको छ, हामीले खेती गरेर आम्दानी लिने हो", उनले भने, "हामीले धेरै कुरा सिक्यौं, धेरै वर्ष कठिन श्रम ज्यालादारीमा समय बितायौं, अब आम्दानी गर्ने बाटो सिकेका छौं, यही तरकारीखेतीमै भविष्य देखेका छौं ।"

त्यसै गरी दशघरुवामा महिलाहरूले प्याजखेतीसमेत गरेका छन् । उनीहरूले गरेको प्याज अहिले बिक्रीका लागि तयार भएको छ । किसान महिलाले अर्गानिक तरकारी उत्पादन गर्ने भएकाले बजारको समेत समस्या छैन । उनीहरूले यहाँ उत्पादन भएको तरकारी केही घरमै र बचेको कृषि हाट बजारमा बिक्री गर्ने गरेका छन् । यसरी खेती गरिरहेका आफूलाई स्थानीय पालिकाले अनुदान दिने, आवश्यक कृषि औजार, पोली हाउसलगायतका सामग्री दिए सहज हुने उनीहरूको भनाइ छ ।

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिङ्गा गणना सुरु

**युग संवाददाता**
**कञ्चनपुर, ८ वैशाख ।**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा आजदेखि बाह्रसिङ्गा गणना सुरु गरिएको छ । निकुञ्ज कार्यालय, नेपाली सेना तथा राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका साझेदार संस्थाको संयुक्त सहभागितामा गणना सुरु गरिएको हो । यसका लागि ३५ जना परिचालन गरिएको छ ।

निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेका अनुसार 'हेड काउन्ट' विधिबाट बाह्रसिङ्गा गणना सुरु गरिएको छ । गणनाका लागि मचानमा बसेर, फायरलाइनमा सवार ीसाधन प्रयोग गरी तथा हात्तीको सहायताबाट गणना (अवलोकन) गरिने व्यवस्था मिलाइएको छ ।

गणनाका लागि बाइनाकुलर, क्यामेरा, टेलिस्कोप, दूरबिन र ड्रोनको प्रयोग गरिनेछ भने दुर्गम तथा हिँडेर पुग्न नसकिने क्षेत्रमा तीनवटा हात्ती परिचालन गरिएको जनाइएको छ । फायरलाइनमा दुई सवारीसाधन र चारवटा मचानमा तीन-तीन जनाको प्राविधिक जनशक्ति खटाइएको छ ।

गणना बिहान ६:०० देखि ९:०० बजेसम्म र साँझ ४:०० देखि ७:०० बजेसम्म भइरहेको छ । आजदेखि सुरु भएको गणना वैशाख १२ गतेसम्म जारी रहने छ । गणनाका क्रमा बाह्रसिङ्गाको सङ्ख्या एकिन गर्ने, बासस्थाको अवस्थाबारे अध्ययन गर्ने, आहार तथा जोखिमको मूल्याङ्कन गरिने सूचना अधिकारी वाग्लेले बताए ।


## कर्मचारी आवश्यकता

यस होटल नमस्ते नेपाल तथा जेयाना रेष्टुरेन्ट एण्ड बारका लागि तपसिल बमोजिमका कर्मचारीहरू आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला ।

**तपसिल**

**१. पद : कुक संख्या :-** ३ जना (कम्तीमा ५ वर्षको माथि अनुभव भएको)
**२. वेटर : संख्या :-** ५जना (कम्तीमा १ वर्ष माथिको अनुभव भएको ।)
**२. क्यापटन : संख्या :-** २ जना (कम्तीमा ३ वर्ष माथिको अनुभव भएको ।)

**तलब :-**
अनुभवको आधारमा दुबै पक्षको आपसी समझदारीमा निधारण गरिनेछ । अन्य सेवा सुविधाको हकमा होटलको नियमानुसार प्रदान गरिनेछ ।

**होटल नमस्ते नेपाल तथा जेयाना रेस्टुरेन्ट एण्ड बार**
**वीन.पा-६, पिपलचौतारी, सुर्खेत**
**९८४८०७८४३५/९८५८०५१४७०**
*(नोट : डकुमेन्टहरु यस hotelnamaste.skt@gmail.com ईमेलमा पठाउन सक्नुहन्छ ।)*


## यस्तो छ...

कृष्णकुमार विसी एक सय ४८, खड्कबहादुर पोखरेल एक सय ५९, सामाजिक विकास मन्त्रीसमेत रहेका घनश्याम भण्डारी एक सय ५५, पूर्णबहादुर खत्री एक सय ३९ दिन संसदमा उपस्थित भएका छन् ।

त्यस्तै, कांग्रेसकी बलिमाया बुढा एक सय ५६, जलस्रोत तथा ऊर्जा विकास मन्त्रीसमेत रहेकी विजया बुढा एक सय ५०, बेदराज सिंह एक सय ५१ बैठकमा उपस्थित भएका छन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीसमेत रहेका कांग्रेस सांसद सुरेश अधिकारी एक ६०, हिक्मतबहादुर विष्ट एक सय ६३ र लक्ष्मी सुनार एक सय ६१ दिन संसदमा उपस्थित भएका छन् ।

तत्कालिन माओवादी केन्द्र हालको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसदहरु उर्मिला विश्वकर्मा एक सय ५४, कृष्णबहादुर जिसी एक सय ६३ जुम्कित लामा एक सय ६४, दुर्गबहादुर रावत एक सय ५७ दिन संसद बैठकमा उपस्थित भएका छन् । यस्तै, नेकपाका सांसदहरु वीरबहादुर शाही एक सय ६०, भीमप्रकाश शर्मा एक सय ४०, मंगलबहादुर शाही एक सय ४४, महेन्द्र केसी एक सय ५५, मिलन खड्का (रोका) एक सय ६१, रनसिंह परियार एक सय ५८ र विन्दमान विष्ट एक सय ४५ दिन संसद बैठकमा उपस्थित भएका छन् ।

तत्कालिन नेकपा एकिृत समाजवादी हाल नेकपाका सांसद कल्याणी खड्का एक सय ४१, तत्कालिन माओवादी केन्द्र संसदीय दलका नेता एवम् पूर्वमुख्यमन्त्री राजकुमार शर्मा एक सय ४१ र स्वतन्त्र सांसद देवेन्द्रबहादुर शाही एक सय ५७ दिन संसद बैठकमा उपस्थित भएका छन् । यस्तै, सभामुख नन्दा गुरुङ्ग एक सय ६३ र उपसभामुख यसोदा न्यौपाने एक सय ६१ दिन संसद बैठकमा उपस्थित भएकी छन् ।

## सांसदमा...

तर्क छ ।

'सांसदहरु संसदमै नआउने परिपाटीको अन्त्य गर्न वास्तवमा कन्ट्रोल मेकानिजम बनाउनु पर्ने हो । प्रदेशसभाले यो परिपाटी कसरी नियन्त्रण गर्ने भन्ने सन्दर्भमा सजग बनाउने वा तलब कट्टा गरेर सजग गराउने संयत्रको विकास गर्नुपर्छ । तर हामी कहाँ यसको अभ्यास छैन । त्यसैले सांसदहरु मनलाग्दी हिँडिरहेका छन् । यो प्रदेशको मात्र नभई संघीय संसदको पनि समस्या हो,' ढकालले भने । सांसदका नाममा सेवा सुविधा लिने तर संसद छल्ने प्रवृत्ति राज्यस्रोतको दुरुपयोग भएको उनको ठम्याई छ ।


## Vacancy Announcement

Modern Public School, located at Birendranagar 1, Surkhet is looking for some qualified, dynamic and dedicated individuals for the following positions:

**Position:** Secondary level Teachers (Math/English/Science/Nepali/Social)

At least Bachelor Degree holders with Teaching experience can contact 9858051072 within seven days.

**Salary:** Rs. 30,000 -45,000 and grade facility.

**Contact :**
**Modern Public School**
**Birendranagar 1, Surkhet**
**Phone no. : 9858051072**




## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)





**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।